म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३७ बुधवार ११ पुस २०८० ने. सं. ११४४ थिल्लागा 27 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन ।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ । ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले वनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मुद्दा टुंगिएसँगै शिवम्‌को पनि लाइन काट्दै प्राधिकरण

निशा गुरुङ

हेटौंडा, १० पुस/हेटौंडा उपमहानगरपालिका-१६ मा रहेको शिवम् सिमेन्ट उद्योगले नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई पौने ३ अर्ब रुपैयाँ विजुलीको महशुल बुझाउन बाँकी रहेको छ ।

शिवम् सिमेन्टले प्राधिकरणलाई दुई अर्ब ७३ करोड ७६ लाख रुपैयाँ महशुल तिर्न बाँकी रहेको नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रका प्रशासन प्रमुख रामबाबु लोप्चनले जानकारी दिए । यो रकम २०७२ सालदेखि २०७५ सालसम्मको डेडिकेटेड फिडर उपयोग गरेबापतको जरिवाना सहितको महशुल भएको प्राधिकरणले जनाएको छ । उद्योगले नियमितरुपमा मासिक महशुल भने बुझाएको प्रमुख लोप्चनले बताए ।

आफूले डेडिकेटेड फिडर प्रयोग नगरेको उद्योगले दाबी गर्दै उद्योग सर्वोच्च अदालतसम्म पुगेको थियो । सर्वोच्चबाट उद्योगको विपक्षमा फैसला आएपनि उद्योगले डेडिकेटेड फिडरको बक्यौदा रकम तिरेको छैन । महशुल भुक्तानी गर्न आग्रह गर्दै प्राधिकरणले बारम्बार उद्योगलाई पत्र पठाएको छ । अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको कारणले उद्योगको लाइन काट्न नसकिएको प्रशासन प्रमुख लोप्चनले बताए । मुद्दाको निर्णय हुनासाथ विद्युत् विनियमावली अनुसार उद्योगको विद्युत लाइन काट्ने कदम चालिने प्राधिकरणले जनाएको छ ।

केहीदिन अघिमात्रै नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनको बिल नतिर्ने ४ उद्योगको लाइन काटेको छ । प्राधिकरणका अनुसार जगदम्बा स्टिल, रिलायन्स सिमेन्ट, घोराही सिमेन्ट र अर्घाखाँची सिमेन्ट उद्योगको लाइन काटिएको हो । जगदम्बा सिमेन्टले ४ अर्ब १४ करोड, रिलायन्सले १ अर्ब ९४ करोड, घोराहीले १ अर्ब ३६ करोड र अर्घाखाँचीले १ अर्ब ३० करोड रुपैयाँ प्राधिकरणलाई तिर्न बाँकी रहेको प्राधिकरणले जानकारी दिएको छ ।




डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेबापतको बक्यौता महशुल नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले उद्योगको लाइन भटाभट काट्न थालेपछि नेपाल उद्योग परिसंघले टाइम अफ डे (टीओडी) मिटरको तथ्यांक माग गर्न थालेको छ । प्राधिकरणका अधिकारीले यो तथ्यांक दिन नसकिने बताएका छन् । परिसंघले सोमवार काठमाडौंमा पत्रकार सम्मेलन गरी टीओडी मिटरको तथ्यांक उपलब्ध गराए प्राधिकरणको मागबमोजिम महशुल भुक्तानी गर्न सकिने स्पष्ट पारेको हो ।

प्राधिकरणले २०७५ वैशाख ३१ गते देशभर लोडशेडिङ अन्त्य भइसकेपछिको समयको बिलिङ गरेको उद्यमीहरुको भनाइ छ । बिल भुक्तानी गर्न पटकपटक ताकेता भएपनि नतिरेपछि ती उद्योगको लाइन काटेको प्राधिकरणले जनाएको छ । नेपाल उद्योग वाणिज्य महासंघले सोमबार प्रेस विज्ञप्ती जारी गरेर अधिकारसम्पन्न उच्चस्तरीय आयोगको माग गरेको छ भने परिसंघले प्राधिकरणले फर्जी बिलका आधारमा भुक्तानी माग गरी उद्योग बन्द गराउन खोजेको आरोप लगाएको छ ।

पछिल्लो समय उद्योग ब्यवसायिका समस्यामा एकमत हुने तीन व्यावसायिक संस्थाबीच सहमति जुट्न नसक्दा सरोकारवालालाई खेल्न ठाउँ हुने एक उद्योगीले बताएका छन् । तर, डेडिकेटेड र ट्रंक लाइनको बक्यौता विवादमा महासंघ र परिसंघभित्रै पनि दुईधार देखिएको कारण निजी क्षेत्रको समस्या समाधानमा सरकार गम्भिर नहुने हो कि ? भन्ने समस्या देखिएको छ । दुबै संस्थामा डेडिकेटेड र ट्रंक लाइनको बक्यौता विवादमा दुई फरक फरक धार भएका कारण मतका कारण दुबै संस्था एकमत नभएको उद्योगीको बुझाइ छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गत बिहीबार ऊर्जा र सञ्चार मन्त्रालयको प्रगति समीक्षा बैठकमा ट्रंक र डेडिकेटेड लाइन बापतको बक्यौता उठाउन निर्देशन दिएका थिए । प्रधानमन्त्रीको निर्देशनपछि प्राधिकरणले सुरुमा चार उद्योगको लाइन काटेको हो । ऊर्जा मन्त्रालयका अनुसार ३० वटा कम्पनीले मात्रै गत असारसम्म २१ अर्ब ६ करोड रुपैयाँ महसुल तिर्न बाँकी छ ।

विद्युत प्राधिकरणले शुक्रबार ४ उद्योगको लाइन काटेको थियो । आइतबार ५ उद्योगको लाइन काटेको थियो भने सोमबार केही उद्योगको लाइन काटिएको छ । शुक्रबार १ अर्ब रुपैयाँ बढी बक्यौता रहेका ४ उद्योगको लाइन काटेको प्राधिकरणले आइतबार ५० करोड रुपैयाँभन्दा बढी बक्यौता भएका उद्योगको विद्युत काटिएको हो । अहिलेसम्म लाइन काटेका ९ उद्योगले ११ अर्ब ७७ करोड १७ लाख रुपैयाँ तिर्नुपर्ने प्राधिकरणको दाबी छ ।

## बागमतीमा गोल्मेराजा दरबारको समुद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिका-६ स्थित गोल्मेराजा दरबारमा किराँतेश्वर महादेव मन्दिरको मूर्ति अनावरण एवम् पुरातात्विक गोल्मेराजा दरबारको मंगलबार समुद्घाटन गरिएको छ ।

गोल्मेराजा दरबार संरक्षण एवं पर्यटकीय क्षेत्र विकास समितिका अध्यक्ष जयबहादुर राईको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एव प्रदेशसभा सदस्य ईन्द्र बहादुर बानियाँको प्रमुख आतिथ्यतामा किराँतेश्वर महादेव मन्दिरको मूर्ति अनावरण एवम् पुरातात्विक गोल्मेराजा दरबारको समुद्घाटन गरिएको हो ।

प्रदेशसभा सदस्य बानियाँको पहलमा प्रदेश सरकारबाट विनियोजित ३० लाख रुपैयाँ बजेटमा ऐतिहासिक गोल्मेराजा दरबारको घेराबारा र मन्दिर निर्माण भएको थियो । प्रमुख अतिथि बानियाँले ऐतिहासिक पुरातात्विक गोल्मेराजा दरबारको संरक्षण र मन्दिरको आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि प्रदेश सरकारबाट बजेट विनियोजन गर्ने प्रतिवद्धता जनाउँदै दरवारलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा सक्दो सहयोग गर्ने बताए । कार्यक्रममा बागमती गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, बागमती गाउँपालिका-६ का वडाअध्यक्ष टेकबहादुर डिम्डुङ, गोल्मेराजा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भक्तबहादुर राईलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## हेटौंडा उपमहानगरले कानुन र कृषि स्नात्तक पढाउने

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ प्राविधिक शिक्षातर्फ स्नात्तक तहको २ वटा विषयको अध्यापन गराउने योजनामा हेटौंडा उपमहानगर पालिका कार्यालय लागेको छ ।

हेटौंडाकी मेयर मीना कुमारी लामाको नेतृत्वमा मंगलबार कानुन र कृषि विषय अध्यापनका लागि २ वटा शैक्षिक संस्थाको स्थलगत अनुगमन गरिएको थियो । पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर उपमहानगरपालिकाले २ वटा कलेज सञ्चालन गर्ने तयारी अनुसार शैक्षिक संस्थाको अनुगमन गरिएको हो । उपमहानगरपालिकाको नीति तथा कार्यक्रम अनुसार हेटौंडामा कानुनतर्फको बीएएलएलबी ५ वर्षे कोर्ष र कृषितर्फको बीएस्सी एजी ४ वर्षे कोर्ष संचालन गर्ने उद्देश्य अनुरुप शैक्षिक संस्थाको स्थलगत अनुगमन गरिएको हो ।

उपमहानगरपालिकाको अगुवाइमा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर हेटौंडामा नै यो विषय अध्यापनका लागि तयारी गरिएको हेटौंडा उपमहानगर पालिकाका उपमेयर राजेश बानियाँले जानकारी दिए । उनका अनुसार मंगलबार विश्वविद्यालयका उपकुलपति प्रा.डा. यादवराज कोइरालाको टोलीले यो विषय अध्यापन हुने २ वटा शैक्षिक संस्थाको अनुगमन गरिएको हो । अध्ययापनको प्रक्रिया अघि बढाउन हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा कानुन र हेटौंडा-१६ को जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)मा कृषितर्फको विषय संचालनका लागि अनुगमन गरिएको उनले बताए ।

गत असोजमा उपमेयर बानियाँको नेतृत्वमा विराटनगरमा रहेको पूर्वाञ्चल विश्वविद्यालयमा सूचिकृत गरिएको थियो । पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति कोइरालाको टिम विद्यालयको अनुगमनका लागि हेटौंडा आएको हो । अनुगमन टोलीले दुवै विद्यालयको भौतिक संरचना तथा आवश्यक पूर्वाधारको स्थलगत अनुगमन गरेको थियो । टोलीले कानुन र कृषि संकायका लागि आवश्यक ल्याब तथा कक्षाकोठाको समेत अनुगमन गरेको थियो ।

अनुगमन टोलीमा विश्वविद्यालयका डिन प्रा.डा. पवनकुमार झा, हेटौंडा उपमहानगर पालिका-१ का वडाअध्यक्ष सविन न्यौपाने, २ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, वडा नम्बर ६ का अध्यक्ष विष्णुबहादुर दाहाल, वडा नम्बर १६ का अध्यक्ष रामकृष्ण कोइराला, हेटौंडा क्याम्पस सञ्चालन समिति अध्यक्ष आनन्दराम पराजुलीलगायतको उपस्थिति थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र
हेटौडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

मेला हेर्न
बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०
हेटौंडा आऔं
पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर
स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरू :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौडा
आयोजक
औद्योगिक शान्ति नेपाल संस्था



साझाकुरा

## हाम्रो कुरा

# अटिजमपीडितको संख्या बढ्दो

मस्तिष्क अपाङ्गताको अवस्था मानिने अटिजमको समस्याबाट बागमती प्रदेशमा एक हजार जना भन्दा बढी पीडित बनेको तथ्यांक सार्वजनिक भएको छ । यो तथ्यांक आफैंमा चिन्ताजनक बन्दै गएको छ । नेपालमा नौलो र फरक स्वास्थ्य समस्याको रुपमा देखिएको अटिजम बागमतीको १३ वटै जिल्लामध्ये काठमाडौं र ललितपुरबाहेक अन्य जिल्लामा १ हजार बढी भेटिएका हुन् । बागमतीमा अटिजमबाट ग्रसित हुने पुरुषको तुलनामा महिला बढी रहेको स्वास्थ्य मन्त्रालय बागमती प्रदेशले जानकारी दिएको छ । मन्त्रालयले अटिजमसम्बन्धी जनचेतनाको अभावमा अटिजमको पहिचान र निदानको समस्या भएपछि प्रदेशमा अटिजमको विद्यमान अवस्था र अटिजमको सम्बन्धमा जनस्वास्थ्य क्षेत्रले गर्न सक्ने सम्बोधनका बारेमा छलफल सुरु गरेको छ ।

स्वास्थ्य मन्त्रालयका विशेषज्ञ चिकित्सकका अनुसार यस प्रदेशमा अटिजम भएका सबैभन्दा बढी काठमाडौंमा ४ सय ९५ र चितवनमा १ सय १३ जना रहेको जानकारी दिए । ललितपुरमा ८३, भक्तपुरमा ७८, मकवानपुरमा ७७, काभ्रेपलाञ्चोकमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुली जिल्लामा ६५/६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३, रामेछापमा २८ जना, र सुवामा १७ जना अटिजम भएको पाइएको छ । पछिल्लो पटक २०७८ को जनगणाना अनुसार नेपालमा दुई हजार ६ सय २८ जना महिलासहित चार हजार ८ सय ८६ जनामा अटिजम भएको देखिएको छ । भौगोलिक अवस्था अनुसार हिमालमा २ सय १० महिलासहित ३ सय २८ जना, पहाडमा एक हजार १ सय ५० जना महिलासहित दुई हजार २ सय २९ जना र मधेशमा एक हजार २ सय ६८ महिलासहित दुई २ सय २९ जनामा अटिजम भएको तथ्यांक छ । मन्त्रालयका विशेषज्ञ चिकित्सकले विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार प्रत्येक सय जनामा एकजनामा अटिजम भएको पाइने बताएका छन् । काठमाडौं उपत्यका र चितवनमा मात्र अटिजमको खोज र निदान गर्न सकिने संस्था र पूर्वाधार भएकोले त्यहाँ बढी संख्यामा देखिएको बताइएको छ । अन्यत्र पूर्वाधारलगायत जनचेतनाको अभावमा अटिजम भएकाको पहिचानमा समस्या देखिएको बताइएको छ ।

अटिजमलाई एक जटिल प्रकारको मस्तिष्कको विकासात्मक तथा जन्मजात अपाङ्गता मानिन्छ । शारीरिक रुपमा अपाङ्गता स्पष्ट नहुने र व्यावहारिक रुपमा मात्र चिनिने भएकोले यो अवस्था सानो उमेरमा पत्ता लगाउन समस्या हुने गरेको बताइन्छ । सामान्यतया १० हजारमध्ये २० जनासँग अटिजम हुन्छ वा अटिस्टिक लक्षणहरु हुन्छन् । कुनैपनि आर्थिक, सामाजिक वा जातीय पृष्ठभूमिको परिवारहरुमा अटिजम संसारभरि फेला पर्दछ । अटिजम प्राय:जसो जन्मेको ३ वर्षभित्र प्रष्ट रुपमा देखिन्छ । यो समस्या केटीहरुको तुलनामा केटाहरुमा ४.५ गुना बढी देखिन्छ । अटिजम केयर नेपाल सोसाइटीका अनुसार अटिजम रोग नभइ समस्या हो । नेपालमा अटिजम भएको १८ महिनादेखि पत्ता लाग्ने गरेको छ । विश्वका विभिन्न देशमा ६ महिनादेखि समस्या पत्ता लगाउने गरेको भएपनि नेपालमा १८ महिनापछि मात्र पत्ता लाग्ने गरेको छ । अटिजम जन्मजात आउने अवस्था रहेकोले यो समस्या वंशाणुगत, वातावरण र सङ्क्रमणका कारणले हुने गर्दछ । यसको अहिलेसम्म उपचार नभएकोले विभिन्न किसिमको थेरापी तथा पुनस्थापनाले सुधार गर्न सकिने सम्भावना रहने बिज्ञहरुले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस १२ गते बिहीबार, २८ डिसेम्बर २०२३ । द्वितीया, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋाण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# रैथानेवादले विविधता स्वीकार्दैन, इतिहास चिन्दैन



✍ चैतन्य मिश्र

गाउँ भनेको के हो ? गाउँको ऐतिहासिकता भनेको के हो ? पहिला हामीले जेलाई गाउँ भन्थ्यौं अहिले पनि गाउँ त्यस्तै छ कि छुट्टै छ ? जवाफका लागि यसको ऐतिहासिक र अवधारणात्मक आयाम हेर्नुपर्छ । गाउँ एउटै हुँदैनन्, धेरै थरी हुन्छन् । गाउँ समयक्रममा आफैं परिवर्तन हुँदै आएका छन् ।

गाउँ जस्तै शहर एउटा मात्र छैन, थरी-थरीका छन् । ती पनि विकास भइरहेका छन् । शहर-गाउँ भन्दा हाम्रो दिमागमा एउटा चित्र बस्छ, एउटा गाउँ र अर्को शहरको । तर गाउँ-शहर आफैंमा परिवर्तनशील छ । त्यो बगिरहेको छ । यसलाई ख्याल गर्नुपर्छ ।

शहर कहिलेदेखि सुरु भयो ? कसैले भन्छन्- ५०० वर्ष भयो । तर काठमाडौं भ्यालीकै शहरहरू काठमाडौं, पाटन, भक्तपुर ५०० वर्षभन्दा अगाडिका हुन् । वास्तवमा लण्डन, पेरिस लगायत त सामान्य शहर थिए । मार्केट सेन्टर भनिने बजारको शहर जस्तो । त्यतिबेलै चीन र भारतमा ठूला-ठूला शहरहरू थिए, अहिलेका भन्दा ७००-१००० वर्षभन्दा अगाडि ।

उत्तर अफ्रिका, पश्चिम एशियामा धेरै अगाडि नै टन्नै शहरहरू थिए । त्यसपछि हडप्पातिरको पाकिस्तान, इरान, अफगानिस्तानमा शहरहरू बसेको हामीले सुनेकै हो । यसरी शहर हाल सालैको आविष्कार होइन, यसको इतिहास एकदमै लामो छ । शहरको इतिहास खोज्न ५०० भन्दा धेरै वर्ष अगाडि पुग्नुपर्छ । ५०० वर्ष मात्रै भन्दा खासगरी युरोपियन पूँजीवादी शहरको गन्ध आउँछ ।

मानिसले लामो समय अघिदेखि किनबेच सुरु गरे । इतिहासमा त्यही किनमेल, प्रशासन, मठमन्दिर, धर्मको ठाउँ धेरै किसिमका शहर भएको पाइन्छ ।

**** ****

नेपालको गाउँको कुरा गर्दा हरि शर्माले लेख्नुभएको छ- गाउँ नै गाउँले घेरिएको देश भनेर । त्यो वाक्यांश पढ्दा मलाई बेलाबेला पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सम्झना आउँछ । उहाँले औंलो ठड्याएर भन्नुहुन्थ्यो, 'नेपाल गाउँ नै गाउँले भरिएको देश हो ।'

कुनैबेला थियो होला तर यस्तो वाक्यांशले गाउँ भनेको शहरभन्दा छुट्टै हो भन्ने सन्देश दिन्छ कि भनेर विचार पुर्‍याउनुपर्छ । यसले गाउँ र शहर छुट्टाछुट्टै हुन् भन्ने जुन पेटबोली राख्छ, त्यसमा हामीले प्रश्न गर्नुपर्छ ।

गाउँ र शहर कहिल्यै पनि छुट्टाछुट्टै भएनन् । यिनीहरू त एकआपसमा आश्रित बस्तीहरू हुन् । त्यसैले गाउँ विना शहर छैन, शहर विना गाउँ छैन । यति चाहिं हो कि शहर र गाउँको सम्बन्ध झन् झन् घना भएर आयो । अहिले हामी गाउँ हो कि शहर हो, कुन गाउँ, कुन चाहिं शहर भन्ने स्थितिमा संसारभरि नै पुग्दैछौं । यी झन् झन् मिसिएर आए पनि यो अन्योन्याश्रितपना पहिलादेखि नै छ । गाउँ छुट्टै, शहर छुट्टै होइन ।

गाउँ-शहरको उद्विकास बारे केही भन्न मन लाग्यो । एकजना लेखकले एउटा फ्रेज प्रयोग गरेर लेख्नुभएको छ- डीरुलराइजेसन अफ द वर्ल्ड अर्थात् संसारको गैरग्रामिणीकरण । नेपालमा हामीले जुन शहरीकरण वा गैर ग्रामिणीकरण देखिरहेका छौं, त्यो नेपालको मात्रै कथा नभएर संसारभरिको कथा हो ।

संसारभरि यति द्रुत तरिकाले मानिसहरू शहरी इलाकामा बसिरहेका छन् यसलाई नम्बरले मात्र बताउन सकिन्न । एक तथ्याङ्कअनुसार सन् १९६० मा ३४ प्रतिशत रहेको विश्वको शहरी जनसंख्या सन् २०२२ सम्म आइपुग्दा ५७ प्रतिशत भएको छ । तर वास्तवमा यो नम्बरले धेरै कुरा बोल्दैन । यसले त शहर भनेर परिभाषित गरेको इलाकालाई मात्रै बताउँछ ।

शहरमा बस्ने भन्दा हामी केलाई बुझ्छौं ? डा. पीताम्बर शर्माले एकठाउँमा सामाजिक सम्बन्धको चरित्र बारे लेख्नुभएको छ । हामी कस्तो खालको सामाजिक सम्बन्ध राखेर बस्छौं ? हामी एकदम अक्षुण्ण, फेस टु फेस बस्छौं कि टाढा भएर ? डेरामा बस्नेहरूले न सँगैको कोठामा बसेको मानिसलाई न त अर्को घरको मान्छे नै चिन्छ । जबकि गाउँमा सामान्यत: सात पुस्ते चिनिन्छ । यस्तो सात पुस्ते चिन्ने प्रक्रिया कमजोर हुनथालेसँगै शहरीकरण त्यहींबाट सुरु भयो ।

समाजशास्त्रीले मन पराउने गैर ग्रामिणीकरणको खास परिभाषा यो हो । तर अरु परिभाषाहरू काम लाग्दैनन् भनेको होइन ।

हामी बस्ने ठाउँ शहर हो कि गाउँ ? हामी नजिकैका कतिजनासँग नजिकपना अनुभव गर्छौं ? लामो कालखण्डदेखि शहरीकरणको प्रक्रियामा सम्बन्धहरू धेरै जनासँग रहे पनि यो पातलो पातलो हुनथाल्यो भने गम्भीर गाढा सम्बन्ध थोरै थोरै मानिससँग मात्रै हुनथाल्यो । राजनीति, वैवाहिक सम्बन्ध, आर्थिक अवस्था लगायत कारण घरकै मानिससँग कहिलेकाहीं गाह्रो गाह्रो हुने !

अहिले धेरैका छोराछोरी कि शहर छन् कि विदेश । जाँदैमा सम्बन्ध सक्कियो भन्ने त होइन । तर बिस्तारै बिस्तारै सिद्धिने क्रममा बगेको भने हो । यो पृष्ठभूमिको आधारमा शहरीकरणलाई बुझ्नुपर्छ ।

पहिला पहिलाका परिभाषामा फरकपन हेर्न आवश्यक छ । शहरीकरणका लागि अस्पताल, स्कुल, सडक लगायत पूर्वाधार हुनुपर्छ भन्ने मापदण्ड अहिले पनि छ । यो परिभाषा कामलाग्दो पनि छ । तर शहरको परिभाषा गर्दा जुन हदसम्म सम्बन्धको चरित्रलाई बेवास्ता गरिएको थियो, अब त्यसलाई पुनर्स्थापित गर्नुपर्छ ।

संसारको गैरग्रामिणीकरण एकदम छिटोछिटो अगाडि बढिरहेको छ । नेपालमा पनि यो देखिन्छ । शहरीकरणका अरु सूचक पनि छन् ।

औद्योगिक क्रान्ति संसारका अनेकौं भागमा अनेकौं चोटि भए । मैले अघि भारत र चीनका ठूला जनसंख्या भएका पुराना शहरहरूको कुरा गरें । त्यहाँ त धेरै अघि औद्योगिक क्रान्ति भइसकेको थियो । तर सन् १७७५ पछि भएको युरोपियन औद्योगिक क्रान्ति अन्तिम थियो जुन दिगो भयो । त्यो हाम्रोतिर सन् १९४० को दशकतिर तिर अलिअलि आउन सुरु गर्‍यो भने १९८० को दशकतिर अलि व्यापक भयो ।

त्यो औद्योगिक क्रान्तिले एउटा विश्वव्यवस्था सिर्जना गर्‍यो जसलाई हामी भूमण्डलीकरण पनि भन्छौं । त्यसले सामाजिक तहमा धेरै परिवर्तन ल्यायो ।

पहिला पहिला परिवार र बस्तीहरू एउटा सीमित कल्पनामा बाँचेका हुन्थे । एउटा मान्छे, एउटा पुरुष, एउटा महिलामा मैले गर्न सक्ने यति हो, यो काममा यतिसम्म पुग्न सक्छु, मेरो क्षेत्र यही हो भन्ने जुन सोच हुन्थ्यो त्यो सोच निकै फराकिलो भयो । सन् १७७५-१८०० पछि त्यसले सम्भावनालाई ह्वाङ्ग पारिदियो । आकाश खुलाइदियो ।

म जस्तो परिवारमा जन्मे पनि म योभन्दा धेरै माथि उक्लन सक्छु भन्ने आँट दियो । मन, इच्छा, आकांक्षा खुलाइदियो । सँगै राजनीतिक सम्भावना पनि खुलायो । वास्तवमा राजनीतिक क्रान्तिको कुरा पनि त्यहीबाट सुरु भएको हो ।

पहिला त फलानो जातले के गर्ने, अर्को जातले के गर्ने, महिलाले के गर्ने लगभग 'सेट' थियो । मानिसहरू एउटा एउटा स्टेशनमा बस्थे । त्यो स्टेशनको छानो ठ्याक्कै टाउको माथि थियो । त्यो खुलेसँगै त्यसले सम्भावनाका ढोकाहरू ह्वात्तै खोल्यो । आकाशै खोल्यो । हरेक मान्छेको मन खोल्यो । मानिसमा केही गर्न सक्छु भन्ने आस पलाउन थाल्यो । हुने नहुने कुरा अर्कै हो । कसैको हुन्छ कसैको हुँदैन । कुनै ठाउँमा धेरै मानिसको हुन्छ कुनै ठाउँमा धेरै मानिसको हुँदैन । त्यसका कारण हुन्छन् तर त्यसले खुलाउन त खुलायो ।

शहरीकरण भनेको यसरी दिमाग, मन र सम्भावनाको आकाश खुलाउने कुरा पनि हो । ग्रामिण परिवेशमा त्यसरी खुलाउन गाह्रो छ । हामी एउटा सीमित परिधिभित्र बाँचेका हुन्छौं । हाम्रो कल्पना नै सीमित हुन्छ । कल्पना ह्वाङ्ग हुनु भनेको शहरीकृत हुनु पनि हो । सम्भावना फराकिलो हुनु हो ।

अर्को डिपेजन्टाइजेसन अफ द वर्ल्ड भन्ने अवधारणा छ । पेजन्ट भनेको कुनै पनि किसान नभएर आफ्नै खेतबारी आफैंले खेतीपाती गर्ने मानिस हो । फार्मर भनेको जस्तो सामान्य कुरा होइन । उत्पादन मूलत: कृषिमा आधारित हुँदा संसारमा धेरै पेजन्टहरू थिए । बिस्तारै आफ्नो बारी आफैंले खेतीपाती गरेर खाने मानिसको संख्या संकुचन भएर एकदमै कम भए ।

अहिले नेपालमा त सबैभन्दा बढी खेतीयोग्य जमिन नै बाँझै भयो । झण्डै एकदेखि दुई तिहाइसम्म खेतीयोग्य जमिन बाँझो भइसक्यो । डिपेजन्टाइजेसनको एउटा नमूना त्यो हो । तर त्यो मात्रै होइन । कन्ट्र्याक्टमा गर्ने, अरु परिवारलाई काम गर्न दिने अभ्यास बढेका छन् ।

पश्चिमतिर सबै खेती कर्पोरेसन र मेसिनले गर्छन्, परिवारले गर्दैन । थोरै मात्रै घरधुरीले आफ्नो स्वामित्वको जमिनमा खेतीपाती गर्छन् । खास गरेर अमेरिकामा खेती गर्ने परिवार भेट्टाउनै मुस्किल हुनथालेको छ । एकदम दुर्लभ, केवल २-३ प्रतिशत जनसंख्याले खेती गर्छन् । यति धेरै संकुचन अरु ठाउँमा त छैन तर पनि आफ्नो खेतबारी आफैंले चर्चिनेहरू एकदमै कम भए । यो शहरीकरणको कारण र परिणाम दुवै हो । यसरी गाउँ-शहरको कुरा गर्दा गैरग्रामिणीकरण र डिपेजन्टाइजेसनको अवधारणा भुल्नुहुँदैन ।

**** ****

हाम्रोमा गाउँलाई माया गर्ने र रोमान्टीसाइज गर्नेको बाहुल्य देखिन्छ । यो एककिसिमले हाम्रो संस्कृति पनि बनेको छ जस्तो लाग्छ । आफू मात्र होइन, बुवा पनि शहरमै जन्मिएका हुन्छन् तर हामी फलानो जिल्ला (गाउँ)को नाम लिन छाड्दैनौं । कताकता गाउँप्रतिको मोह बलियो देखिन्छ ।

**यसको कारण छ ।**

गाउँ भन्दासाथ प्राकृतिक, सफा, इमानदार र पवित्र ठाउँको चित्र आउँछ । एककिसिमले रुसो, गान्धी, बीपीको सुमार्गको मोडेल र सोच भएको । तर शहर चाहिं अलि फोहोर, बेइमान मानिसहरू बस्ने भन्ने चित्र आउने गरेको देखिन्छ । यहींनेर आउँछ रैथानेवादको सेन्स आउँछ । तर मलाई यसबाट अलि पन्छिनुपर्छ कि भन्ने लाग्छ ।

रैथानेवादले खासगरी विविधता स्वीकार्दैन । यसले यो यस्तै नै हुनुपर्छ भन्ठान्छ । यो समावेशिताबाट टाढा भाग्छ । रैथानेवादले इतिहास चिन्दैन किनकि यसले इतिहासको निरन्तरको बहावलाई आत्मसात् गर्न इन्कार गर्छ । बुद्धले सिकाएको अनित्यवादलाई पनि स्वीकार्दैन ।

रैथानेवादले जीवन, समाज र ब्रह्माण्डलाई स्थिर र अपरिवर्तनशील मान्छ र एकदमै यथास्थितिमा स्थिरता खोज्छ । जबकि हिजो रैथाने भन्न मिल्यो, आज र भोलि चाहिं नयाँ निर्माण भन्नुपर्ने भयो । आजभन्दा पनि भोलि । किनकि भोलि नभइकन हामी बाँच्न सक्दैनौं । त्यसैले रैथानेवादबाट अलिकति टाढा पन्छिनुपर्छ । आफैं रैथाने भयो आफ्नो बालबच्चा नवआन्तुक भए । ती नवआगन्तुकले फेरि नयाँ बच्चा पाउँछन् । अनि आफू रैथाने भइन्छ । तर नवआगन्तुक त फेरि अर्को जेनेरेसन आइसक्छ। त्यसकारण गाउँ पनि, शहर पनि परिवर्तनशील छ । परिवर्तनशीलतालाई आत्मसात् गर्दा विश्लेषण अगाडि बढाउन सजिलो हुन्छ ।

गाउँ र शहर भनेको विपरीत कुरा होइनन् । यिनीहरू आपसी रूपमा जोडिएका छन् । ग्रामीण समाज अध्ययन गर्ने डियोडोर स्यानिनले भनेका छन्, 'एनी इमेज अफ द पेजेन्ट हाउसहोल्ड अर पेजेन्ट कम्युनिटी विद नो इक्टर्नल टाइज आर कन्सेप्टुअल कन्स्ट्रक्ट । एक्सेप्सन एण्ड मिस कम्प्रिहेन्सन्स अर क्यारिकेचर ।' सारांशमा भन्ने हो भने यो एउटा कार्टुन बनाए जस्तै हो रे ! उनी गाउँ-शहर बीच सम्बन्ध छैन भनेर छुट्टाछुट्टै मान्नु एककिसिमले कार्टुनिष्ट कुरा हो भन्छन् ।

हामी अहिले पूँजीवादी युगमा बाँच्छौं । अब यो पूँजीवादलाई कसरी बुझ्ने ? गाउँ र शहरसँग जोडिएको हुनाले मैले यो कुरा ल्याएको हुँ । कार्ल मार्क्सले पूँजीवादलाई उत्पादन प्रणाली (मोड अफ प्रोडक्सन) सँग जोडेर भने । यसलाई एउटा विशिष्ट प्रकारको उत्पादन प्रणाली भनेर बुझे । त्यसैले उनको सबै जोड उत्पादन प्रणालीमा रह्यो ।

उनले भने कि मोड अफ प्रोडक्सनको चरित्र अनुरुप नै समाज बन्छ । पछि त्यसलाई हेर्ने अर्को नजर पनि आयो । त्यसले मोड अफ प्रोडक्सन होइन, मोड अफ एक्सचेञ्ज हो भन्छ । यो दृष्टिकोणले बेचबिखन अर्थात् जे बेच्न सकिन्छ त्यो उत्पादन गर्न सकिन्छ, किनबेच प्राथमिक कुरा हो भन्छ । बिक्री हुन्छ भन्ने निश्चित भएपछि उत्पादन हुन्छ । यसरी पनि हेर्नुपर्छ ।

मैले पहिला शहरहरू ह्वाल्ल ह्वाल्ल गाउँमा बग्छ भनेर लेखेको थिएँ । कहींकतै होइन कि भनिएको छ । बगेको भए त त्यहाँ छुट्टै विशिष्टीकृत पेशाहरूको जन्म हुन्थ्यो भन्ने तर्क छ । कृषि कर्म छोडेर अरू छुट्टाछुट्टै पेशा गर्ने मान्छेहरू गाउँमा जन्मिए । तर समस्या के पर्‍यो भने उनीहरू देशमा काम नभएर बाहिर काम गर्ने भए । त्यहाँ शहर बग्यो । काठमाडौं, नजिकका शहरहरू, जिल्ला सदरमुकाम बगेन । भारत, मलेसिया, अरब, युरोप, अमेरिका, अष्ट्रेलियाका शहरहरू त बगे त त्यहाँ । ह्वालह्वाल्ती बगेका छन् ।

यो भूमण्डलीकरणको जमानामा त्यसरी बग्नु स्वाभाविकै भयो । नेपालभित्रै छुट्टै पेशा, विशिष्टीकरण नभएको हुनाले शहर गाउँमा बगेन भन्न पाइएन । नेपालभित्र नबगे पनि नेपालबाहिर त ह्वालह्वाल्ती बगेको छ । आजकल युवा विदेश गएको धेरै स्टोरी पढिरहेका छौं । पनामाको जंगलबाट आदि आदि । पहिला पनि अरु ठाउँका पढिरहेकै हो । यो शहर ह्वालह्वाल्ती गाउँभित्र बगेको परिणाम हो । बग्ने प्रक्रियालाई समेट्ने हो भने शहरीकरणको आइडियाले त्यो बगेको देख्नुपर्छ । संसारभर बगेको यो शहरीकरणको बलियो सूचक हो । मैले गाउँ एउटै हुँदैन भनें । कुनै एउटा गाउँलाई सम्झौं, एक पुस्ता अघि त्यो कस्तो थियो ? दुई-तीन पुस्ता अघि कस्तो थियो ? अहिले कस्तो छ ?

नामले त एउटै छ तर त्यो छुट्टै गाउँ भइसक्यो । एउटै खोलामा दुईचोटि पाइला टेक्न सकिंदैन भनिए जस्तै गाउँ एउटै रहँदैन । कल्पना गर्नेका लागि चाहिं एउटै गाउँ हो । गाउँको बारेमा हाम्रो कल्पना चाहिं स्थिर हुन्छ । त्यो गाउँ कहाँबाट कहाँ पुगिसकेको हुन्छ ।

गाउँमा परिवर्तन त भयो तर हामीले चाहे जस्तो मात्रै भएन । नचाहेको परिवर्तन पनि भयो भन्ने कुरा सत्य हो । कतिलाई त्यस्तो परिवर्तन चाहिएकै छैन । नचाहिएको परिवर्तन ल्याउने त धेरै भइरहेका छन् । तर हुने चाहिं यस्तै हो । नभइदिए हुन्थ्यो तर त्यस्तो हुन्छ ।

गाउँ पनि हामीले पहिला कल्पना गरेजस्तो गाउँ रहेन । त्यहाँ पनि इन्टरनेट बिजुली पुगेका छन् । अब त्यो थामियो भने गाउँले जीवन पनि थामिन्छ । त्यसैले गाउँ कसरी रूपान्तरण भइरहेको छ, हेर्नुपर्छ ।

गाउँको समस्या हेर्दा त्यहाँ गर्नुपर्ने यतिधेरै कामहरू छन् कि भनिसाध्य छैन । गाउँको राजनीतिक सामर्थ्यलाई हुर्काउने नेतृत्व चाहिन्छ । कतिपय युवा देशमा फर्किएर काम गरिरहेको खबर पढ्न पाइन्छ । यसलाई बढाउनुपर्छ । अब गाउँमा बाँच्न सक्नुपर्छ, विदेशिएकालाई फर्काउन सक्नुपर्छ । यसका लागि एउटा विशेष प्रकारको राजनीति अख्तियार गर्नु आवश्यक छ । त्यो परिवर्तन यसै हुँदैन । यसका लागि गाउँलाई राजनीतिक गतिविधिको केन्द्र बनाउने काम चुनौतीपूर्ण छ ।

**सम्भावना**

ग्रामीण गिरावट/अवनति (रुरल डिक्लाइन) को राजनीतिक आधारहरू हुन्छन् । नरेन्द्र मोदी नेपाल आउँदा पानी र जवानीको कुरा गरेका थिए । यो सम्मथरतिर बग्छ, शहरतिर बग्छ भनेजस्तो पानी, जवानी, पूँजी, खानदानी सबै बग्यो र गाउँबाट विस्थापित भयो । त्यसले सानो मार्केट सेन्ट्रलदेखि लिएर अलि ठूलो शहर, जिल्ला सदरमुकाम, क्षेत्रीय शहर, काठमाडौं जस्ता ठूलो शहर, महानगर र संसारका ठूला ठूला शहरहरूलाई जन्म दियो । यो संसारभरिकै प्रक्रिया भए पनि सधैं हुने कुरा होइन । हामीले इतिहास पढ्दा खासगरी शिवालिक चुरेको क्षेत्र पहिला संसारको सबैभन्दा धेरै जनसंख्या भएको ठाउँ थियो । एकजना जर्ज भ्यान्ड्रियमले आफ्नो अध्ययनमा कसरी महाभारतको लो रेञ्ज र शिवालिक चुरे क्षेत्रतिर मानव सभ्यताको एक किसिमले गर्व भयो उल्लेख गरेका छन् ।

त्यसैले अहिलेको संसार छुट्टै भयो, पहिला यो छुट्टै थियो । त्यतिबेला मौसमका कारण पनि मानिस त्यहाँ बसेका थिए । मौसम परिवर्तन हुँदा तलबाट माथि र माथिबाट तल सर्न सकिन्थ्यो । सानो ठाउँमा धेरै मौसम परिवर्तन हुने, तल र माथि गरिरहन सकिने, वस्तु पनि लग्न सकियो आफू पनि सर्न सकियो । रोगबाट बच्न पनि सकियो र उत्पादन पनि गर्न सकियो । पानी र जमिन पनि पाइयो । नदी सँगसँगै हिंड्न पनि सजिलो, व्यापार गर्न पनि सजिलो भनेर उनले लेखेका छन् ।

गाउँको राजनीति किन पुनर्जागरण भएन ? लामो कालदेखि भएको छैन । नेपाल गाउँ नै गाउँको देश भने पनि त्यही बेलादेखि गाउँ राजनीतिको केन्द्र नै बनेन । अहिले त झन बन्न सकेन, थप सुषुप्त भयो । किन भयो होला ? यसको लागि धेरै गम्भीर विचार र अनुसन्धान गर्नुपर्छ ।

एकै शब्दमा भन्दा अहिलेको गाउँ आर्थिक विपन्नतासँगै राजनीतिक रूपमा पनि कमजोर छ । कृषिमा एकदम न्यून बजेट छ । यस्तो स्थिति किन भयो ? खेती गर्ने सबैजसो महिला, दलित, मधेसी र सबैभन्दा कमजोर र गरिबहरू भए । झन् झन् यो संख्या बढिरहेको छ । राजनीतिमा कम चासो राख्ने, कम शक्तिशाली समूह नै कृषि उत्पादनको हर्ताकर्ता भए । उनीहरूको राजनीतिक पहुँच न्यून रह्यो ।

त्यसैले पार्टी र सरकारमा आवाज पनि कम र आन्दोलनका लागि संगठित हुनसक्ने सम्भावना पनि न्यून भयो । यो अवस्थालाई बुझेर तदनुरूपको राजनीतिक खाका बनाउन सक्यो भने गाउँको राजनीतिक अवस्था सुधार्न सकिन्छ । धेरै मानिसहरू गाउँबाट विदेश गएकोले होला, उनीहरूलाई आदरपूर्वक हेरिन्न । काठको बाकसको दृश्य आइराख्छ । जब कि कुनै कुनै अध्ययनहरूले के देखाउँछ भने स्वदेशमै रहेर जोखिमपूर्ण जीवन बिताउनेहरूको मृत्युदर उस्तैउस्तै छ ।

एउटै शब्दले धेरै कुरा भन्छ । त्यो हो- पलायन । डेढ दशक जति भयो होला, हामी सजिलै पलायन भन्छौं । कुनै पत्रकारले पलायन शब्द भने भने म सोध्थें- तपाईं कहाँबाट आएको ? कुनै जिल्लाको नाम लिएपछि म सोध्नेगर्छु- तपाईं पनि त पलायन भएर आउनुभएको रहेछ ! मान्छेको इतिहास पलायनपूर्ण देखिन्छ । एक ठाउँबाट अर्को ठाउँ सर्ने कुरालाई पलायन भन्ने हो भने हामी चाहिं सर्ने अरु चाहिं पलायन हुने ? पलायनको यो भाष्यमा वर्गीयता, जातजाति र शहरी अंहकारको गन्ध आउँछ । साथै शब्दको अर्थ छिचोल्न नपर्ने पत्रकारिताको पनि ।

मोटामोटी अन्दाज भए पनि मैले डिक्सनरी पनि हेरें । पलायनको अर्थ 'डराएर र परिस्थितिसँग हारेर भाग्ने काम', 'सुइँकुच्चा' रहेछ । अब कोही डराएर भागेको पनि छैन । सुइँकुच्चा ठोकेको पनि छैन । हात, खुट्टा, नङ्गा, मन खियाएर काम गर्न गएका छन् ।

हाम्रोमा यहीसँग मिल्दोजुल्दो अर्को भाष्य छ- भाग्यवाद । म यो शब्द सुन्दा पनि छक्क पर्छु । ऐतिहासिक रूपमा नेपाली र खासगरी पहाडमा बस्ने नेपालीले पहरो फोरेर खेतबारी बनाए, जंगल फाँडेर बस्ती बसाए । पनामाको जंगल हुँदै कहाँ कहाँ पुगिरहेका छन् । लडाइँ लडिरहेका छन् । अहिले पनि गरिरहेका छन् । भाग्यवादी मानिसले कसरी गर्छ त्यो ? नेपालीलाई कसरी भाग्यवादी भन्ने ? यद्यपि यो भाष्यले हामीलाई छाडेन । भाग्यवाद भन्नु आफैंले आफैंलाई कोर्रा हान्ने कुरा हो ।

मौका पाए भने संसारभरीका मानिसले गर्छन् र नेपालीले पनि गरिरहेका छन् । अब गर्ने चाहिं को छ त ? देखाउनुपर्ला, खोज्नुपर्ला । त्यसकारण आफ्नो सामर्थ्यमा विश्वास नगर्ने कुराले हामीलाई हानी गर्छ । हामी सक्षम छौं भन्ने प्रामाणिक ऐतिहासिक रेकर्ड छ ।

ग्रामीण क्षेत्र पुनर्जागरण गर्न के गर्ने त ? गाउँका गाउँ बाँझो छ । हामी कस्तो राजनीति गरिरहेका छौं, कस्तो सरकार चलाइरहेका छौं ? यो कुनै मुद्दा (एजेन्डा) नै बनेको छैन । देशको एक चौथाइ, एक तिहाइ भाग बालीविहीन भइसक्यो । त्यसको बारेमा कसले राजनीति गर्ने हो ? त्यसको स्वामित्वमाथि प्रश्न गर्नुपर्‍यो । करको कुरा गर्नुपर्‍यो । जग्गा बाँझै राख्न पाइन्छ कि पाइँदैन ? यत्तिकै राखेपछि स्वामित्वमा ह्रास आउँछ कि आउँदैन ? त्यसको मालपोत डबल/त्रिपल गर्ने हो कि ? यो कुरा सोच्नुपर्छ कि पर्दैन ? यत्तिकै जमिन राख्न त पाइँदैन नि ! यसमा सरकार लाग्नुपर्छ । सरकार नलाग्ने हो भने जसले खेती गर्छ उसले पाउनुपर्छ । किनकि जग्गा त खेती गर्नकै लागि हो । जग्गामा खेतीवाला र पेजेन्टको दाबी रहनुपर्छ । मेरो नगरपालिकामा तीन वर्ष भइसक्यो खेती नै गरेको छैन । यत्तिकै बाँझो छ । कस्तो खाले राजनीति गरिरहेका छौं हामी कि यो इस्यु नै बन्दैन । राजनीतिक मुद्दा नै बन्दैन ।

*(साभार: अनलाइनखबर)*

प्रधानमन्त्रीको स्वीकारोक्ति :

# धेरै गर्न सकिनँ, अब कार्यशैली बदल्छु



काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो सरकारले एक वर्षमा काम गर्न नसकेको स्वीकार गरेका छन् । तर अब कार्यशैली सुधार गरेर काम गर्ने भन्दै उनले केही नयाँ लक्ष्यहरु निर्धारण गरेका छन् ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड १० पुस २०७९ मा नेकपा एमालेसहितका ७ दलको समर्थनमा प्रधानमन्त्री बनेका थिए । राष्ट्रपति निर्वाचनसँगै समीकरण बदलेर नेपाली कांग्रेससँग हात मिलाएका प्रचण्ड सत्ता गठबन्धनलाई कायम राखेपनि सरकार सञ्चालनमा भने चुकेका थिए ।

सुशासनतर्फ सकारात्मक सुरुवात गरेपनि नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास र सुन काण्डमा सबभन्दा धेरै प्रश्न उठ्यो । केही सूचक सकारात्मक भएपनि अर्थतन्त्रको समस्या कायमै छ भने निजामती कर्मचारी, विद्यालय शिक्षा लगायतका विधेयक निर्माण पनि हुन सकेन ।

प्रधानमन्त्री योजनाविहीन ढंगले चलेको तथा धेरै समय उद्धाटन, शिलान्यास र भाषणका कार्यक्रममा समय खर्चिएकाले परिणाम नआएको विश्लेषकहरु बताउँछन् ।

आफ्नो नेतृत्वमा सरकार गठन भएकोएक वर्ष पूरा भएको अवसरमा सोमबार सिंहदरबारबाट देशबासीलाई सम्बोधन गरेका प्रधानमन्त्री प्रचण्डले कमजोरी स्वीकार गरेका छन् । 'आज म देशबासीसामू स्वीकार गदर्छु कि सरकार असफल त भएन, तर मेरो हुटहुटी अनुसार परिणाम पनि आएन', प्रचण्डले भनेका छन् ।

प्रधानमन्त्री प्रचण्डले देशबासीलाई सम्बोधन गर्दै अब कार्यशैली बदल्ने बाचा समेत गरेका छन् । केही पूर्वनिर्धारित र अपरिहार्य बाहेकका कार्यक्रममा नजाने, नीति तथा कार्यक्रम र बजेटको तयारी तथा विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने भन्दै उनले भने, 'कार्यशैली बदल्न यो एउटा प्रस्थानबिन्दु हुनेछ ।'

आफ्नो कार्यालयमा संरचनात्मक परिवर्तन गर्ने बताएका प्रधानमन्त्री प्रचण्डले अबको दिनमा आफ्नो र सरकारको प्राथमिकता केके हुनेछन् भन्ने पनि बताएका छन् ।

सत्तारुढ गठबन्धनका नेताहरुले यसलाई सकारात्मक मानेका छन् । उनीहरुका अनुसार सत्ता गठबन्धनमा भएको सहमतिअनुसार उनको कार्यकाल अब एक वर्ष छ । यदि उनले अरु प्रधानमन्त्रीहरुले जस्तै राम्रो काम गरेको छु भनेको भए सार्वजनिक रुपमा आलोचना त हुनसक्थ्यो, तर सत्ता समीकरणमा केही हुने थिएन ।

तर उनले काम गर्न नसकेको स्वीकार गर्दै अबका प्राथमिकताहरु बताउनु सकारात्मक भएको नेताहरु बताउँछन् । 'उहाँले आज धेरै काम गर्न नसकेको स्वीकार गर्दै केही नयाँ गर्ने संकल्प गर्नुभएको छ । यसलाई सकारात्मक रुपमा लिन सकिन्छ', नेपाली कांग्रेसका महामन्त्री गगन थापा भन्छन्, 'तर संकल्प अनुसार काम हुन्छ कि हुन्न चार हप्तामै थाहा हुन्छ ।'

### केके छन् प्रधानमन्त्रीका प्राथमिकता ?

देशबासीलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री प्रचण्डले अबका दिनमा आफ्नो प्राथमिकता केके हुन्छ भनेर विषयगत रुपमा सार्वजनिक गरेका छन् ।

राजनीतिक दल, नागरिक समाज र राज्यका निकायलाई क्रमभंगताको अपील गरेका उनले शीर्ष बैठकहरू सत्ताको वितरण गर्न होइन, विश्वविद्यालयहरू सुधार्न, पर राष्ट्र नीतिमा एउटै धारणा बनाउन, रोजगारी सिर्जना गर्न बस्ने बताए ।

विश्वविद्यालयहरूमा राजनीतिक भागवण्डा नगर्ने बताएका उनले भनेका छन्, 'अब मेरिटोक्रेसी सुरु हुनेछ र त्रिभुवन विश्वविद्यालय त्यसको प्रस्थानबिन्दु बन्नेछ ।'

राष्ट्रिय स्वस्थ्य बीमा कार्यक्रममा सुधार गर्दै रकमको दायरा बढाउने र आधारभूत बाहेक हाल सञ्चालित सबै नि:शुल्क कार्यक्रमलाई एकीकृत रूपमा आवद्ध गर्ने उनले बताएका छन् ।

विद्यालय शिक्षा विधेयक, निजामती सेवा विधेयक र सार्वजनिक खरिद कानुन संसदको आगामी हिउँदे अधिवेशनबाट पारित गर्ने तथा संक्रमणकालीन न्याय सम्बन्धी विधेयक आमसहमतिमै अगाडि बढाउन उनले बताएका छन् ।

माघ मसान्तभित्र जिल्ला प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोट्याइने, जाजरकोट भूकम्पबाट प्रभावित भएकाहरूका लागि एक महिनाभित्र अस्थायी आवास बनाउने लक्ष्यहरु उनले सार्वजनिक गरेका छन् ।

उनले जनप्रतिनिधि र आमनागरिकको पर्याप्त सुझाव लिन बजेटका सिद्धान्त र प्राथमिकता फागुनमै पेश गर्ने तयारी रहेको पनि बताए । आएका सुझावलाई समेटेर आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट बनाउने उनले बताए ।

पूर्वाधार विकासका कानुनी, नीतिगत र प्रक्रियागत जटिलताको दीर्घकालीन हल खोज्ने उनले बताएका छन् । रूख कटान, जग्गाप्राप्ति जतातत्तै समस्या रहेको भन्दै प्रचण्डले भने, 'अब म समस्याको जरो छाडेर हाँगा छिमोल्ने गल्ती गर्दिनँ, बरु कार्यतालिका र समयतालिका बनाएर र सबै सरोकारवालालाई एक ठाउँमा राखेर समग्र पूर्वाधार विकासका कानुनी, नीतिगत र प्रक्रियागत जटिलताको दीर्घकालीन हल खोज्छु ।'

प्रधानमन्त्री प्रचण्डले आवश्यक परे संकटकाल घोषणा गरेर भएपनि पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिनुपर्ने उनले बताए ।

उद्योग दर्तालाई सहजीकरण गर्न एकद्वार प्रणालीलाई एक महिनाभित्र साँच्चिकै एकद्वार बनाउने, लगानी बोर्डको कार्यालयलाई अधिकार प्रत्यायोजन गरेर कार्यमूलक बनाउने लगायतका आगामी योजनासमेत प्रधानमन्त्री प्रचण्डले अघि सारेका छन् । संघीयताका सबै गाँठा छिटो फुकाउने भन्दै उनले यसका लागि जरूरी कानुन तुरुन्त ल्याउने बताए ।

यसमा असफल हुने छुट नरहेको भन्दै प्रधानमन्त्रीले कार्यसम्पादन कमजोर भए कसैलाई माफ नगर्ने बताए । यो आफूले आफैँसँग गरेको बाचा पनि भएको भन्दै उनले भने, 'देशमा सकारात्मक परिवर्तन र आशा जगाउन नसके मैले पनि पद ओगटिरहन जरूरी छैन ।'

### साँच्चै केही नभएको हो ?

खुला फदयले आफ्ना कुरा राख्छु भन्दै सम्बोधन सुरु गरेका प्रधानमन्त्री प्रचण्डले अहिले समाजमा हिनताबोध र नकारात्मकताको डढेलो लगाइएको गुनासो गरेका थिए ।

एकथरीले नियोजित रुपमै 'सकिन्न, बन्दैन, हुँदैन' भन्ने नकारात्मक मानसिकतालाई मलजल गरिरहेको भन्दै उनले देशबासीलाई प्रश्न गरेका थिए, 'के देशमा साँच्चै केही नभएको हो ? के देश पूर्णरूपमा सम्भावनाहीन बन्दै गएको हो ?' नकारात्मकता र हीनभावनाले सम्भव काम पनि असम्भव बनाइरहेको भन्दै उनले विद्युतको क्षेत्रमा भएको काम र आगामी दिनको सम्भावनालाई उदाहरणका रूपमा प्रस्तुत गरे ।

आफू दोस्रो पटक प्रधानमन्त्री हुनुअघिसम्म १८ घन्टासम्म लोडसेडिङलाई नियति मानिएको र ठूलो जनसंख्या विद्युत्को पहुँचभन्दा बाहिर रहरको भन्दै उनले भने, 'आज लगभग सिङ्गो देशमा विद्युत्को पहुँच पुगेको छ । वर्षायाममा पनि विद्युत् आयात गर्नुपर्ने अवस्थाबाट आज देश विद्युत् निर्यात गर्ने ठाउँमा पुगेको छ ।'

आफ्नो भारत भ्रमणका क्रममा भएको १० हजार मेगावाट विद्युत निर्यात गर्ने लक्ष्यका साथ दीर्घकालीन जलविद्युत सम्झौताको प्रारम्भिक सहमति भएको, चीन जोड्ने चिलिमे केरुङ २२० केभी प्रसारण लाइन अगाडि बढाउने सहमति भएको र बंगलादेशमा ४० मेगावाटसम्म विद्युत निर्यात गर्न सम्झौता हुन लागेको उनले सुनाए ।

देशभित्र उद्योग र चुलादेखि यातायातसम्म विद्युत खपत बढाएर आत्मनिर्भरताको नयाँ युगतिर अगाडि बढ्न लागेको भन्दै उनले भने, 'गम्भीर भएर सोचौं त ! देशले हरेक वर्ष कम्तीमा पाँच खर्बको बिजुली निर्यात र त्यति बराबरको आयात प्रतिस्थापन गर्न सक्दा अरु विकसित देश सरह हुन कति नै वर्ष लाग्ला र ?'

उनले प्रतिव्यक्ति आय, विदेशी मुद्रा सञ्चिति, विद्युत् उत्पादन, सडकको पहुँच, साक्षरता, औसत आयु, खानेपानी र सर सफाइमा हिजो अवस्था के थियो र आज के छ भन्ने हेर्न आग्रह गरे ।

तर व्यवस्थाप्रति वितृष्णा जगाउन गलत र भ्रामक प्रचार भइरहेको भन्दै उनले अहिलेभन्दा हिजो एकात्मक शासन राम्रो थियो, संघीयताले जनप्रतिनिधि बढे, खर्च बढ्यो भन्नु गलत भएको बताए ।

'एकात्मक राज्य व्यवस्थामा कूल एक लाख ५५ हजार ८६२ जनप्रतिनिधि थिए, अहिले जम्मा २८ हजार ४५३ जनप्रतिनिधि छन्' उनले भने, 'हिजो एउटा गाविसमा ४७ जना जनप्रतिनिधि थिए, ती अहिले सामन्यत: वडामा रूपान्तरण भएका छन् र जम्मा पाँच जना जनप्रतिनिधि छन् ।'

स्थानीय जनप्रतिनिधिहरुले गरेका कामले जनतालाई कति छुन्छ भन्ने जाजरकोट भूकम्पका बेला उनीहरुको सक्रियता देखाएको प्रधानमन्त्रीले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# सीमभञ्ज्याङमा १८ फिटको बुद्धको मूर्ति शिलान्यास

साझाकुरा संवाददाता





हेटौंडा, १० पुस/ पर्यटकीय नगरी थाहानगरको सीमभञ्ज्याङमा बुद्धको मूर्ति स्थापना गरिने भएको छ । वडा नम्वर ४ सीमभञ्ज्याङमा धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यले १८ फिटे बुद्धको मूर्ति राख्न लागिएको हो ।

मकवानपुरका समाजसेवी सिद्धिलाल श्रेष्ठको निजी लगानीमा सीमभञ्ज्याङमा १८ फिटे बुद्धको मूर्ति निर्माण गरी राख्न लागेको हो । मूर्ति निर्माण गरी राख्ने स्थानमा समाजसेवी श्रेष्ठ र थाहा नगर पालिका उपप्रमुख भरत गोपाली लगायतको उपस्थितिमा १० पुसमा शिलान्यास गरिएको छ । सीमभञ्ज्याङमा कमलको फूलतलबाट ३ फिट, जमिनबाट माथि फाउन्डेसन ६ फिट र बुद्धको मूर्ति ९ फिटमा निर्माण हुने भएको छ ।

'सीमभञ्ज्याङबाट अलिभित्र ऋषेश्वर महादेव मन्दिर रहेको छ । यो पुण्यभूमिमा एउटा बुद्धको मूर्ति स्थापना गरेभने मानिसको जमात पनि बढ्ला । म आफू पनि बुद्धको अनुयायी बन्न खोजेको हुँ । थाहानगर पर्यटकीय क्षेत्र भएकोले गर्दा धार्मिक काममा एउटा इट्टा थप्ने उद्देश्यले काम गरेको हुँ ।', समाजसेवी श्रेष्ठले भने । 'यो बाटो हिँडेको ४८ वर्ष भयो । हिजोको सीमभञ्ज्याङ र आजको सीमभञ्ज्याङमा केही फरक पाइन । मैले सुरु गर्दा अरुले नि केही प्रभावकारी काम गर्नुहुनेछ ।', उनले भने, 'बुद्धमूर्ति निर्माण भएपछि पर्यटकको संख्यामा गुणात्मक वृद्धि हुन्छ भन्ने अपेक्षा लिएको छु ।',

थाहा नगरपालिका, वन समिति र वडासँग अनुमित लिएर मूर्तिको स्थापना गर्न लागेको उनले बताए । बुद्धको मूर्ति स्थापना गर्नको लागि करिव १० लाख रुपैयाँ खर्च लाग्ने उनले जानकारी दिए । हर्ष झ्लोन मूर्तिकारले बुद्धको मूर्ति बनाउने छन् । 'काम गर्ने मानिस सीमभञ्ज्याङमा पुगिसक्नु भएको छ । त्यहाँ निकै चिसो भएकोले गर्दा काममा अलि ढिलाई होला जस्तो छ । तर, पनि बैशाख महिनासम्म काम सकिने योजनामा छौं ।', उनले भने ।

# एमाले मकवानपुरको ध्यान कार्यकर्ता प्रशिक्षणमा

साझाकुरा संवाददाता



हेटौंडा, १० पुस/नेकपा एमाले, जिल्ला कमिटी मकवानपुरको पूर्णबैठक तथा प्रशिक्षक प्रशिक्षण कार्यक्रम हुने भएको छ । पुष ११ देखि १३ सम्म हुने बैठक तथा प्रशिक्षण पार्टीका महासचिव शंकर पोखरेलको प्रमुख आथित्यतामा हुने भएको हो ।

प्रमुख अतिथि महासचिव पोखरेलले पुस ११ गते पार्टीको दसौं महाधिवेशनको कार्यदिशामा जिल्ला कमिटीको पूर्ण बैठकलाई सम्बोधन गर्दै प्रशिक्षण दिने पार्टी जिल्ला कमिटी मकवानपुरका सचिव नवीन सिग्देलले बताए । ३ दिनसम्म सञ्चालन हुने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले मार्क्सवादी दृष्टिकोण, संगठन विभाग प्रमुख काशिनाथ अधिकारीले संगठन निर्माण, व्यवस्थापन तथा परिचालन, स्थायी कमिटी सदस्य तथा जनसंगठन संयन्त्र प्रमुख भानुभक्त ढकालले पार्टी र जनसंगठनबीतको अन्तरसम्बन्ध र परिचालन बिषयमा प्रशिक्षण दिने कार्यक्रम रहेको बताइएको छ ।

स्थायी कमिटी सदस्य राजन भट्टराईले भू-राजनीतिक र परराष्ट्र सम्बन्ध, स्थायी कमिटी सदस्य तथा बागमती प्रदेश ईन्चार्ज गुरु बरालले समृद्ध नेपाल र सुखी नेपाली, पोलिटव्यूरो सदस्य तथा मकवानपुर ईञ्चार्ज देवी ज्ञवालीले समृद्ध मकवानपुर सम्बन्धी अवधारणा, पोलिटव्यूरो सदस्य ईश्वरी रिजालले मिसन ८४ को कार्यभार, पोलिटव्यूरो सदस्य कैलाश ढुंगेलले पार्टी र जनप्रतिनिधिबीचको अन्तरसम्बन्ध, बालकृष्ण देउजाले सूचना प्रविधि प्रयोग र महत्व/प्रशिक्षण शैलीबारे प्रशिक्षण दिने सचिव सिग्देलले बताए ।

जिल्ला कमिटी बैठकले संगठनसम्बन्धी विशेष कार्ययोजना बनाउने र प्रशिक्षण कार्यक्रमपश्चात् पार्टी र जनसंगठनको विभिन्न तहमा जिल्लाव्यापीरुपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने जिल्ला अध्यक्ष एकालाल श्रेष्ठले बताए । प्रशिक्षक प्रशिक्षण कार्यक्रममा ४० जना सहभागी हुने बताईएको छ ।

# मधेशमा जघन्य अपराधको जड बन्दै लागूऔषध

जनकपुरधाम/धनुषाको सबैला नगरपालिका-९ कुसमहा सतोखरकी ६ वर्षीया राखी यादव मंसिर ७ गते साँझ छिमेकीको मटकोर (विवाहअघि गरिने एक साँस्कृतिक कर्म) हेर्न सतोखर पोखरी पुगेकी थिइन् । मटकोर सकिएर सबै घर फर्किए, तर राखी आइपुगिनन् ।

परिवारका सदस्यहरुले राति नै सोधखोज गरे । भोलिपल्ट तालिम प्राप्त कुकुरसहित प्रहरी पनि खोजीमा जुट्यो, राखी भेटिइनन् । साँझ सतोखर पोखरी नजिकै खाल्डोमा जमेको पानी दमकलले सुकाउँदा राखीको शव भेटियो ।

'हामी दिनभर खोज्यौं, साँझसम्म नभेटेपछि खाल्डोमै हुनसक्ने आशंकामा सकाउने काम गऱ्यौं । त्यसमै बालिकाको शव फेला भेटियो', धनुषाका प्रहरी प्रवक्ता डीएसपी रञ्जन अवा भन्छन् ।

उनका अनुसार बलिकाको शव हेर्दा अत्यन्त क्रुरतापूर्वक हत्या भएको देखिन्थ्यो । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले दुई किशोर लाई पक्राउ गऱ्यो । दुबैले अभियोग पनि स्वीकार गरे ।

प्रहरीका अनुसार दुबै किशोर लागूऔषध प्रयोगकर्ता हुन् । एक अनुसन्धान अधिकृतका अनुसार मटकोरको बेला मादक पदार्थसँगै लागूऔषध सेवन गरेका थिए । उनीहरुले रथमा खेलिरहेकी राखीलाई बेपत्ता बनाएको र बलात्कार गरेर हत्या गरेपछि शव खाल्डोमा फालेको अनुन्धानका क्रममा खुलेको छ ।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१२ हनुमान नगरमा एक बालकको लागूऔषध सेवनकर्ताबाट हत्या भएको छ । मावलीमा बस्दै आएका ११ वर्षीय आदित्य ठाकुर ३० मंसिरमा राति अबेरसम्म घर फर्किएनन् । परिवारका सदस्यले खोजे, नभेटेपछि प्रहरीलाई खबर गरे ।

प्रहरीको सहयोगमा खोजी गर्ने क्रममा घरभन्दा पर आदित्य रक्ताम्य अवस्थामा फेला भेटिए । 'उपचारको लागि प्रादेशिक अस्पताल भर्ना गरायौं, तर उपचारकै क्रममा मृत्यु भयो', डीएसपी रञ्जन अवाले भने । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले स्थानीय २६ वर्षीय सञ्जय साह र २४ वर्षीय बादललाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार अनुसन्धानका क्रममा आदित्य मधेश प्रदेशसभा भवन नजिकै मोबाइल चलाइरहेका बेला दुबै पुगेका थिए । लागू औषध सेवन गरेका उनीहरुले मोबाइल मागे, नदिएपछि बाँसको भाटाले हिर्काए । 'मरणासन्न हुने गरी कुटेपछि भागेको दुबैले वयान दिएका छन्', अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले भने ।

लागूऔषधको नशामा बालकको हत्या गरेको प्रहरीको निष्कर्ष छ । धनुषाका प्रहरी उपरीक्षक (एसपी) मित्रबन्धु शर्मा भन्छन्, 'दुबै घटनामा आरोपी लागूऔषध सेवनकर्ता रहेको देखाएको छ । हामी थप अनुसन्धान गरिरहेका छौं ।'

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार चालु आर्थिक वर्षको ५ महिनामा धनुषामा ७ जनाको हत्या भएको छ, जसमध्ये तीनवटा घटनामा लागूऔषध सेवनकर्ता संलग्न छन् । मधेश प्रदेशका ८ जिल्लामा ५७ जनाको हत्या भएको छ ।

प्रदेश प्रहरी कार्यालय, जनकपुरले उपलब्ध गराएको तथ्यांकमा अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा ९६ जना र २०७९/०८० मा १०६ जनाको हत्या भएको थियो । धेरै अपराधमा लागूऔषध जोडिन गरेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी श्याम महतो बताउँछन् ।

यद्यपि हत्या, बलात्कार जस्ता जघन्य अपराधको मुद्दा लागूऔषधभन्दा ठूलो भएको र लागूऔषध प्रमाणित गर्न समस्या हुने भएकाले तथ्यांकमा भने नखुलाएको उनले बताए ।

प्रहरी अधिकृतहरुका अनुसार हत्याका घटनाभन्दा धेरै चोरी, डाँका, महिला तथा घरेलु हिंसा जस्ता अपराधमा समेत लागूऔषध सेवनकर्ताको संलग्नता देखिने गरेको छ । 'पछिल्लो समय बढेको चोरी घटनामा ८० प्रतिशतभन्दा बढी लागूऔषध सेवनकर्ता देखिन्छ', एक अनुसन्धान अधिकृतले भनेका छन् ।

सर्लाहीका प्रहरी प्रमुख (एसपी) प्रविन धितालका अनुसार प्राय: लागूऔषध सेवनकर्ता २५-३० वर्षमुनिका हुन्छन् । 'ड्रगसको लतमा परेपछि अभिभावक भन्दा टाढा हुने चोरी, कुटपिट, ग्याङफाइट जस्ता क्रियाकलाप गर्ने गरेको पाइन्छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# राष्ट्रिय सभा उम्मेदवारमा कांग्रेसका २५ केन्द्रीय नेता आकांक्षी

काठमाडौं/नेपाली कांग्रेसका २५ केन्द्रीय नेताले राष्ट्रिय सभाको निर्वाचनमा उम्मेदवार बन्ने आकांक्षा राखेका छन् । कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेश समितिले केन्द्रीय कार्यालयमा पठाउने उम्मेदवार आकांक्षीको सूची तयार पार्दा २५ केन्द्रीय सदस्यको नाम आएको छ । कोशी र बागमतीबाट ८/८ जना, गण्डकीबाट ५, लुम्बिनीबाट ४ जना र कर्णालीबाट एक जना केन्द्रीय सदस्य राष्ट्रियसभा सदस्य उम्मेदवारको आकांक्षी छन् ।

सुदूरपश्चिम प्रदेश समितिले भने जिल्लाबाट प्राप्त सबै नाम पठाउने निर्णय गरेपनि अन्तिम टुंगो लगाएको छैन । मधेसले नाम संकलन गरि नसकेको प्रदेश तहका नेताले जानकारी गराएका छन् ।

कोशीबाट केन्द्रीय नेताहरु कृष्णप्रसाद सिटौला, डा. मिनेन्द्र रिजाल, डा. डिला संग्रौला, सुजाता कोइराला, तारामान गुरुङ, उमेशजंग रायमाझी, आङ्गेलु शेर्पा र रुक्मिणी कोइरालाको नाम सिफारिस भएको छ । नेताहरु महेश आचार्य र गुरुराज घिमिरेको नाम प्रदेशबाट सिफारिस गरिएको छ ।

सिटौला गत आम निर्वाचनमा झापा-३ बाट पराजित भएका थिए । गत निर्वाचनमा प्रतिनिधि सभामा उम्मेदवारको आकांक्षी रहेका केन्द्रीय सदस्यद्वय रिजाल र संग्रौला मोरङमा टिकट पाएका थिएनन् ।

सुजाता मोरङ-२ बाट प्रतिनिधिसभा सदस्यमा पराजित भएकी थिइन् । पार्टीको १४ औं महाधिवेशनमा उपसभापतिमा पराजित महेश आचार्यले गत निर्वाचनमा टिकट पाउन सकेनन् । घिमिरे गत निर्वाचनमा प्रदेश सभा सदस्यमा पराजित भएका थिए ।

कोशीबाट पूर्व केन्द्रीय सदस्यमा पवन सारडा, रामकृष्ण भट्टराई, बाबुराम बस्नेत, हसन अन्सारी लगायतको नाम पनि राष्ट्रियसभा सदस्यका लागि सिफारिस गरिने प्रदेश समितिका एक नेताले बताए ।

कोशीमा अन्य र महिला दुई क्लष्टरका लागि चुनाव हुँदैछ । सिटौलालाई अन्यबाट पहिलो नम्बरमा र सुजातालाई महिलाबाट पहिलो नम्बरमा राखेर नाम सिफारिस गरिने प्रदेश महामन्त्री भूपेन्द्र राईले जानकारी दिए ।

बागमती प्रदेशबाट केन्द्रीय सदस्य मदन अमात्य, जिपछिरिङ लामा, दिलमान पाखिन, हरिशरण नेपाली, जितजङ बस्नेत, गंगालक्ष्मी अवाल, राधा घले र मदनकृष्ण श्रेष्ठ उम्मेदारको आकांक्षी सूचीमा छन् ।

काठमाडौं जिल्ला सभापति सबुज बानियाँ, काठमाडौं महानगरका सभापति निलकाजी शाक्यको नाम समेत सिफारिस भएको छ । बागमतीबाट पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहाल र चिकित्सक संघका पूर्वअध्यक्ष डा. केदारनरसिंह केसीको नाम पनि सिफारिस भएको छ । १४ औं महाधिवेशनमा केन्द्रीय सदस्यमा पराजित बाबुकृष्ण सापकोटाको नाम पनि बागमतीबाट सिफारिस भएको छ ।

गण्डकीबाट केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ, चीनकाजी श्रेष्ठ, कृष्णचन्द्र नेपाली पोखरेल, ध्रुव वाग्ले, अब्दुल सतारको नाम सिफारिस गरिएको छ । पूर्वसभामुख तारानाथ रानाभाट, केन्द्रीय सहमहामन्त्रीका उम्मेदवार देवराज चालिसे लगायतको नाम गण्डकीबाट पठाइएको छ ।

# भीमफेदी कारागारमा मनहरीद्वारा राइस स्टिमर सहयोग

साझाकुरा संवाददाता



हेटौंडा, १० पुस/ मनहरी गाउँपालिकाले भीमफेदी कारागारलाई राइस स्टिमर उपहार दिएको छ । सोमबार गाउँपालिकाले कारागारमै पुगेर राइस स्टिमर हस्तान्तरण गरेको हो ।

गाउँपालिकाले ३ लाख रुपैयाँ बराबरको २ वटा मेसिन कारागारका निमित्त प्रमुख मदन लामालाई हस्तान्तरण गरेको हो । गत असोज ५ गते गाउँपालिकाको कार्यपालिका बैठकले कारागारमा रहेका कैदी-बन्दिलाई खाना पकाउने स्टिमर खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरेको थियो । मनहरी गाउँपालिकामा स्थायी/अस्थायीरुपमा बसोबास गर्ने सयौँको संख्यामा कैदी-बन्दी लागूऔषध ओसारपसारका कारण कारागारमा छन् । गरिबीका कारण भरियाका रुपमा प्रयोग भएका ती सर्वसाधारणको दायित्व स्थानीय सरकारको पनि भएकाले सहयोग गरिएको अध्यक्ष रञ्जन कालाखेतीले बताए ।

हालसम्म हिटरको प्रयोगबाट खाना पकाउने व्यवस्था रहँदै आएको निमित्त कारागार प्रमुख लामाले जानकारी दिए । उनले भने, 'हिटरको प्रयोगले मासिक ४ देखि ५ लाख रुपैयाँसम्मको विजुली खपत गर्दथ्यो तर, अब स्टिमरले खाना पकाउन र विजुली खपतमा पनि न्यून हुनेछ ।',

राइस स्टिमर एउटा मेसिनमा ४८ किलो चामल एकैपटक पकाउन मिल्ने भएकाले करिब २०० जनालाई खाना पकाउन सजिलो हुने भएको छ । २ वटा स्टिमर मेसिनले करिब ४०० जनाको खाना एक पटकमा पाक्ने छ । हाल कारागारमा १ हजार ६९ जना कैदीबन्दीहरु छन् । गएको दसैंपर्वमा कैलाश गाउँपालिकाले भीमफेदी कारागारका कैदीबन्दस्लाई दुईवटा खसी सहयोग उपलब्ध गराएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# रोटरी क्लबद्वारा अस्पतालाई ल्याब सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौँडा, १० पुस/रोटरी क्लब अफ हेटौँडाले हेटौँडा-६ रामनगरमा रहेको नवनिर्मित शिद्धस्थली रुरल कम्युनिटी अस्पताललाई करिब ७८ लाख मूल्य बराबरको ल्यावका बिभिन्न उपकरणहरु हस्तान्तरण गरेको छ ।




क्लबले रोटरी अन्तराष्ट्रिय अन्तर्गतको ग्लोबल ग्रान्टअन्तर्गत ७७ लाख ५० हाजर मूल्य बराबरका पाँच थान उपकरण सहयोग गरेको हो । मंगलबार हेटौँडा उपमहानगर पालिका-६ का वडाअध्यक्ष बिष्णु दाहालको उपस्थितिमा सामान हस्तन्तरण गरिएको थियो । वडाअध्यक्ष दाहालले स्थानीय निकायले गर्नुपर्ने काम शिद्धस्थली रुरल कम्युनिटी हस्पिटले गरिरहेको बताउदैं यो सामाजिक कार्यमा रोटरी क्लब अफ हेटौँडाको सहयोगप्रति आभार ब्यक्त गरे ।

यो सहयोगले स्थानीयले घरआँगनमा उच्चस्तरीय स्वास्थसेवा पाउने विश्वास व्यक्त गर्दै अध्यक्ष दाहालले अस्पताल संचालनमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । रोटरी वर्ल्ड फण्ड, रोटरी क्लब अफ प्लाइम्प्टन तथा रोटरी डिष्ट्रिक्ट ११७५ का फाउण्डेसन चेयर रोटरियन सिमन वुडले रोटरी क्लब अफ हेटौँडामार्फत यो सहयोग गरेको रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष स्वागतराज प्याकुरेलले बताए ।

हस्तान्तरण गरिएका उपकरणहरु पूर्णस्वचालित हेमाटोलोजी एनलाइजर, पूर्णस्वचालित बायोकेमिस्ट्री एनलाइजर, अर्धस्वचालित इलेक्ट्रोलाइट एनलाइजर, अर्धस्वचालित यूरिन एनलाइजर र एचएलपिसि एनलाइजर मेशिनहरु रहेको अध्यक्ष प्याकुरेलले बताए । रोटरी एक पूर्णतया सेवामुखी संस्था भएकोले शिद्धस्थली रुरल कम्युनिटी हस्पिटलले उपकरणको माध्यमले बिपन्नबर्गका बिरामीको उत्कृष्ट उपचार गर्ने बिश्वासका साथ अस्पताललाई सहयोग गरिएको अध्यक्ष प्याकुरेलले बताए ।

कार्यक्रममा रोटरी क्लब अफ हेटौँडाका निवर्तमान अध्यक्ष सुयशराज पराजुली, प्रस्तावित अध्यक्ष प्रकाश ढकाल, उपाध्यक्ष प्रमेश प्रधान, संस्थापक सदस्यहरु माधव अधिकारी, बिजयकुमार वैद्य, पूर्वअध्यक्षहरु ऋषिराम घिमिरे, लेखराज पोखरेल, रामप्रसाद शर्मा, सचिव किशोर पराजुलीलगायतले सामाजिक कार्यमा रोटरी क्लबको सदैब सहयोग रहने कुरामा जोड दिए ।

शिद्धस्थली ग्रामीण सामुदायिक अस्पतालको तर्फबाट सल्लाहकार समिति सदस्यहरु रमेश खतिवडा, गुञ्जबहादुर न्यौपाने, शिवप्रसाद खनाल, इन्द्रप्रसाद खतिवडा, शोभा खतिवडा, श्रीराम खतिवडा, रामहरि खतिवडा, कीर्तिमान श्रेष्ठलगायतको सहभागिता थियो ।

# ज्योति मगरको प्रस्तुतिमा नाचे तन्नेरी



साझाकुरा संवाददाता

हेटौँडा, १० पुस/हट गायिकाको छवि बनाएकी ज्योति मगरले मंगलबार हेटौँडामा सांगीतिक प्रस्तुती गरेकी छिन् । हेटौँडाको टिसिएनचौरमा जारी बृहत् खेलकुद तथा व्यापार महोत्सवमा आफ्ना चर्चित गीत गाएकी हुन् ।

आफैं नाच्दै र गाउँदै स्टेजमा करिब एकघन्टा प्रस्तुती दिएकी उनलाई दर्शकले धुलो उड्ने गरी नाचेर साथ दिएका थिए । बिदाको दिन भएकोले पनि अन्य दिनभन्दा मंगलबार दर्शकको बाक्लो उपस्थिति रहेको थियो । मगरले करिब एक दर्जन गीत गाएकी थिइन् । मगरसँगै मंगलबार कलाकार धुब बिस्को, मनोज गोर्खाली, केको सिङ लगायतको प्रस्तुती थियो ।

लोकगायक पशुपति शर्मा आउने भनिएपनि बिशेष कारण उनी अनुपस्थित रहेका थिए । जारी महोत्सवमा बुधबार चर्चित लोकगायक बद्री पंगेनी, हेमन्त शर्मा, राजेन्द्र गुन्द्रेके, मीना गिरी लगायतको प्रस्तुती रहने आयोजकले जानकारी दिएको छ । १७ गतेसम्म सन्चालन हुने महोत्सवमा दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती रहेको छ ।

जिल्लाको खेल क्षेत्रको विकासमा लागि मकवानपुर जिल्ला खेलकुद विकास समितिले औद्योगिक शान्ति नेपाल संस्थासँगको सहकार्यमा महोत्सव आयोजना गरेको हो । महोत्सवमा दैनिक विभिन्न बिधामा खेलकुदको स्पर्धा समेत भइरहेको छ । महोत्सवमा खाना, लत्ताकपडा, विभिन्न सचेतनामूलक संस्थाको स्टलसहित बालउद्यान रहेको छ । महोत्सव आयोजनास्थलमै खेलकुद प्रतियोगिता सन्चालन भइरहेको हो ।

# हेटौँडामा य:मरि पुन्हि मनाइयो

साझाकुरा संवाददाता



हेटौँडा, १० पुस/नेवार समुदायले नयाँ धान भित्राएको खुसीयालीमा मनाईने य:मरि (मनपर्ने रोटी) पुन्हि पर्व हेटौँडामा भव्य रुपले मनाइएको छ ।

नेवार समुदायको दुई संस्थाले मंगलबार हेटौँडा बजारको बुद्धचोकमा नि:शुल्क य:मरि र अचार वितरण गरी मनाएका हुन् । नेवा: देय् दबु र नेवा: साँस्कृतिक पुच: मकवानपुरले छुट्टाछुट्टै स्टल राखेर य:मरि र अचार पकाएर वितरण गरेको थियो । कार्यक्रम नेवारी महिलाले मौलिक पोशाक हाकुपटासीमा सजिएर य:मरि बनाएका थिए । कार्यक्रमको हेटौँडा उपमहानगर पालिका मेयर मीनाकुमारी लामाले उदघाटन गरेकी थिइन् । नेवा: देय् दबुले आयोजना गरेको कार्यक्रम दबुका जिल्ला अध्यक्ष विष्णुलाल श्रेष्ठको अध्यक्षतामा भएको थियो ।

दबुले ४० किलो मैदाबाट करिव एक हजार चार सय वटा य:मरि र गोलभेडाको अचार नि:शुल्क वितरण गरेको जनाएको छ । कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जंगबहादुर गुरुङ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)का केन्द्रीय प्रतिनिधि सुरेश श्रेष्ठ, नेवा: देय् दबुका जिल्ला सचिव देवकुमार श्रेष्ठ, जिल्ला सदस्य यज्ञबहादुर श्रेष्ठ, हेटौँडा उपमहानगर अध्यक्ष प्रतिमा श्रेष्ठ, नेवा: गुठी खल: मकवानपुरका अध्यक्ष अनिल खड्गे लगायतको उपस्थिति रहेको थियो ।

नेवा: देय् दबुले मकवानपुर जिल्ला कार्यसमिति र हेटौँडा नगर कार्यसमितिबाट मात्र आर्थिक सहयोग संकलन गरी संस्कृति जगेर्ना गर्न य:मरि पुन्हि मनाएको अध्यक्ष श्रेष्ठले बताए । कार्यक्रममा नेवा: अगुवाहरु शर्मिला श्रेष्ठ, सुना श्रेष्ठ, कान्छी श्रेष्ठ, शिव श्रेष्ठ, रमा श्रेष्ठ, राजु श्रेष्ठ, श्यामकृष्ण श्रेष्ठ, विश्व श्रेष्ठ लगायतले य:मरि पुन्हि बनाउँन र वितरणमा भूमिका खेलेका थिए ।

नेवा: साँस्कृतिक पुच: मकवानपुरले आयोजना गरेको य:मरि पुन्हिको पनि हेटौँडा उपमहानगर पालिका मेयर लामाले उदघाटन गरेकी हुन् । कार्यक्रम नेवा: साँस्कृतिक पुच: मकवानपुरका अध्यक्ष सुनकुमार मानन्धरको अध्यक्षतामा भएको थियो । करिब ५ सय जनालाई प्रतिव्यक्ति २ वटा य:मरि र आलुचोखा वितरण गरिएको पुच:का जिल्ला महासचिव नारायण राजथलाले जानकारी दिए । कार्यक्रममा हेटौँडा उपमहानगर पालिकाका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, शाखा अधिकृत गंगाकुमारी चौलागाई, भैरव कुमाललगायतको आतिथ्य रहेको थियो ।

# पालुङ जेसीजको सात पदमा ८ जनाको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौँडा, १० पुस/पालुङ जेसीज वर्ष २०२४ को लागि उम्मेदवारी दिने समय सकिएको छ । निर्वाचन आयुक्त जयराम खत्रीको अनुसार १ अध्यक्ष पदका लागि २ जनाको उम्मेदवारी परेको छ ।

त्यस्तै २ कार्यकारीणी उपाध्यक्ष पदका लागि २ जनाको र ४ उपाध्यक्ष पदका लागि ४ जनाको उम्मेदवारी परेको छ । अध्यक्ष पदका लागि निरज रायमाझी र माधब कार्कीको उम्मेदवारी परेको छ । रायमाझी बर्तमान कार्यसमितिको कानुनी सल्लाहकार र कार्की कोषाध्यक्ष पदको जिम्मेवारीमा छन् । कार्यकारिणी उपाध्यक्ष पदको लागि नारायण तामाङ र मानसिं दोङको र उपाध्यक्ष पदको लागि स्मिता बिष्ट, बिराज थापा, नारायण कार्की र बिस्मिता गोपालीको उम्मेदवारी परेको निर्वाचन आयुक्त खत्रीले बताए ।

निर्वाचन आयुक्तको कार्यालयले प्रकाशन गरेको सूचना अनुसार उम्मेदवारी फिर्ताको समय पौष ११ गते बिहान ९:०० बजेसम्म रहेको र उम्मेदवारको अन्तिम नामावली सोहिदिन बिहान १०:०० बजे प्रकाशन हुने महासचिव सन्जय गोपालीले बताए । साथै पौष ११ गते ११:०० बजेदेखि उम्मेदवार तालिम र पौष १२ गते १:०० बजेदेखि उम्मेदवार को अन्तरवार्ता कार्यक्रम रहेको छ । पौष १३ गते ककस पछि निर्वाचनको कार्यक्रम रहेको निर्वाचन आयुक्तको कार्यालयले जनाएको छ ।

# निजी क्षेत्रको जिम्मा २० वर्षलाई दामन भ्यूटावर

साझाकुरा संवाददाता

हेटौँडा, १० पुस/थाहा नगरपालिकाले दामनस्थित भ्यूटावर संचालनको जिम्मा निजी क्षेत्रलाई दिएको छ । तीन वर्षदेखि बन्द रहेको दामन भ्यूटावर पुस १ गतेदेखि २० वर्षका लागि दामन भ्यूटावर रि सोर्ट प्रालिलाई संचालनको जिम्मा दिएको हो ।




वार्षिक ५ लाख रुपैयाँ भाडामा नगरपालिकाले २० वर्षसम्म संचालनको जिम्मेवारी दिएको नगर प्रमुख विष्णु विष्टले जानकारी दिए । गत मंसिर २६ गते दुवै पक्षबीच भएको सम्झौताअनुसार रिसोर्टले धरौटीबापत ५ लाख रुपैयाँ बुझाइ सकेको छ भने भाडा वापतको ५ लाख आगामी वैशाखमा बुझाउने छ । हरेक ५ वर्षमा २० प्रतिशत भाडा बढाइने सम्झौता भएको नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताए ।

थाहा-४ को पर्यटकीय क्षेत्र दामनमा करिब ९ रोपनी क्षेत्रफल ओगटेको रहेको भ्यूटावरमा २ वटा टेलिस्कोपलगायत सुविधायुक्त कोठा, सभाहल र कटेज छन् । रिसोर्टले अहिले त्यहाँ मर्मतसम्भारको काम गरिरहेको छ । समुद्री सतहबाट २ हजार ३ सय २२ मिटर उचाईमा रहेको टावरबाट विश्वका उच्च १४ मध्ये ८ वटा हिमालको दृश्यावलोकन गर्न सकिन्छ । त्रिभुवन राजपथ निर्माणका क्रममा विसं २०११ सालमा नक्सांकन गरिएको भ्यूटावर ०१८ सालमा निर्माण गरेको हो ।

पर्यटन मन्त्रालयअन्तर्गत रहेको यो भ्यूटावर दुई दशकसम्म सर्लाहीका एक व्यक्तिले ठेक्कामा लिएर संचालन गरेका थिए । तोकिएको ठेक्काको रकम पनि नदिएपछि सरकारले ०६५ सालमा जिल्ला विकास समिति मकवानपुरलाई ५ वर्षका लागि संचालनको जिम्मा दिएको थियो । सरकारले आठ वर्षअघि थाहा नगरपालिकालाई हस्तान्तरण गरेको भ्यूटावरमा ०७२ को भूकम्पले क्षति पुऱ्याएपछि नगरले मर्मत गरेको थियो ।

# प्रकृतिसँग रमाउने पर्व उँधौली: प्रदेशप्रमुख शर्मा

हेटौँडा, १० पुस/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले किराँत समुदायमा मंगलबार मनाउँदै गरेको उँधौली पर्वका सन्दर्भमा शुभकामना व्यक्त गरेका छन् ।

शुभकामना सन्देश जारी गर्दै प्रदेशप्रमुख शर्माले देशका आदिवासी जनजातिहरु प्रकृतिसँग जीवनका हरेक पक्षहरुसँग एकाकार हुँदै आएको बताए । प्रकृतिसँग रमाउने विशेषताको एकपक्ष उँधौली पर्व भएको शर्माको जोड छ । यो पर्वले विश्वसामु पहिचान बनेको उल्लेख गर्दै प्रमुख शर्माले भनेका छन्, 'आफ्नै मौलिक सभ्यता तथा संस्कृति रहेको किराँतहरुको यस महान् पर्वले विश्वसामु हाम्रो पहिचान बनाउन महत्वपूर्ण भूमिका खेलेको छ ।',

हाम्रो परम्परा, भेषभूषा, चालचलन, चाडपर्व एवम् संस्कृतिमा विविधता रहेको भन्दै प्रमुख शर्माले यही विविधताका कारण विभिन्न समुदायमा छरिएका हामीहरुबीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व तथा एकता कायम रहेको उल्लेख गरे । यस पर्वले आपसी मेलमिलाप, सद्भाव र सहिष्णुता अभिवद्धि गर्दै राष्ट्रिय एकता सुदृढ गर्न प्रेरित गर्नेछ भन्नेमा आफू विश्वस्त रहेको प्रमुख शर्माको सन्देशमा छ ।

## जेसीआई हेटौँडाको सूचना !

जेसीआई हेटौँडाको विधान अनुसार वर्ष २०२४ को लागि हुने संचालक समितिको निर्वाचन तपशिल बमोजिमको मिति र स्थानमा सम्पन्न हुने भएकोले मतदानको लागि आ-आफ्नो परिचय खुल्ने नेपाली नागरीकताको प्रमाणपत्र/सवारी अनुमती पत्र/राहादानी परिचयपत्र/मतदाता परिचयपत्र मध्ये कुनै एउटा सक्कलै परिचयपत्र अनिवार्य साथमा लिई आउनहुन सम्पूर्ण मतदाताहरुलाई जानकारीको लागि यो सूचना जारी गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | मतदान नामावली प्रकाशन | २०८०/०९/१३ | विहान १०:०० बजे | JCI Hetauda सचिवालय |
| २ | मतदाता नामावली उपर दावीविरोध | २०८०/०९/१३ | विहान १०:३० बजे सम्म | JCI Hetauda सचिवालय |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८०/०९/१३ | विहान ११:०० बजे | JCI Hetauda सचिवालय |
| ४ | उम्मेदवारी मनोनयन दर्ता | २०८०/०९/१३ | विहान ११ बजे देखि १२ बजे सम्म | JCI Hetauda सचिवालय |
| ५ | उम्मेदवारहरुको नामावली प्रकाशन | २०८०/०९/१३ | दिनको १२:३० बजे | JCI Hetauda सचिवालय |
| ६ | उम्मेदवार उपर दाविविरोध | २०८०/०९/१३ | दिनको १२:३० देखि १:०० बजे सम्म | JCI Hetauda सचिवालय |
| ७ | उम्मेदवारहरुको नामावली प्रकाशन | २०८०/०९/१३ | दिनको १ बजे देखि १:१० बजे सम्म | JCI Hetauda सचिवालय |
| ८ | उम्मेदवारी फिर्ता | २०८०/०९/१३ | दिनको १:१० देखि १:२० बजे सम्म | JCI Hetauda सचिवालय |
| ९ | उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन | २०८०/०९/१३ | दिनको १:३० बजे | JCI Hetauda सचिवालय |
| १० | उम्मेदवारहरुको तालिम | २०८०/०९/१३ | दिनको २:०० बजे | JCI Hetauda सचिवालय |
| ११ | उम्मेदवारहरुको अन्तरवार्ता | २०८०/०९/१३ | दिनको ४:३० बजे | JCI Hetauda सचिवालय |
| ११ | उम्मेदवारहरुको ककस | २०८०/०९/१४ | विहान ८:०० बजे | JCI Hetauda सचिवालय |
| १२ | मतपेटिका को व्यवस्थापन | २०८०/०९/१४ | विहान १२:०० बजे | JCI Hetauda सचिवालय |
| १३ | मतदान शुरु | २०८०/०९/१४ | दिनको १:०० बजे | JCI Hetauda सचिवालय |

**निर्वाचन सम्वन्धमा**

१. निर्वाचन हुने पदहरु: **अध्यक्ष:** १ जना **कार्यकारीणी उपाध्यक्ष :** २ जना **उपाध्यक्ष :** ४ जना
२. उम्मेदवारहरुका लागि मनोनयन पत्र निर्वाचन समितिवाट उपलव्ध गराइने छ । उम्मेदवारी दर्ता गराउन नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।
३. निर्वाचन कार्यक्रम संशोधन हुन सक्ने छ ।
४. मतदान गोप्य हुनेछ तथा मतदानको समय र स्थान निर्वाचन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
५. सम्पूर्ण उम्मेदवारहरु प्रशिक्षण तथा तालिम कार्यक्रम तथा ककस कार्यक्रममा निर्धारित समयमानै अनिवार्य उपस्थित हुनुपर्नेछ । उपस्थिती नभएमा उम्मेदवारी स्वत रद्ध हुनेछ ।
६. निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना तथा जानकारी जेसीआई हेटौँडाको सचिवालयमा टाँस गरिनेछ ।
७. उम्मेदवारी दर्ता शुल्क:
  क) अध्यक्ष : रु.६,०००।००
  ख) का.का.उपाध्यक्ष : रु.३,०००।००
  ग) उपाध्यक्ष : रु. १,५००।००
८. उम्मेदवारी माथि दाबी बिरोध शुल्क:
  क) अध्यक्ष : रु.३,०००।००
  ख) का.का.उपाध्यक्ष : रु.१,५००।००
  ग) उपाध्यक्ष : रु. १,०००।००

**नोट:** उम्मेदवारी दर्ता शुल्क र दावी विरोध शुल्क फिर्ता हुनेछैन ।

**सिनेटर पवन कुमार कंसाकार**
**निर्वाचन आयुक्त**
**२०२३**
**जेसीआई हेटौँडा**

हेटौँडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौँडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना